# काठमाडौं जिल्लाको
# आठौं जिल्ला परिषद्बाट पारित
# आ.व. २०७२/०७३ को
# नीति, कार्यक्रम तथा बजेट

जिल्ला विकास समितिको कार्यालय
**काठमाडौं ।**

# स्थानीय विकास अधिकारी तिर्थराज भट्टराईबाट प्रस्तुत
# आ.व. २०७२/०७३ को  नीति, कार्यक्रम तथा बजेट

प्रमुख अतिथि माननीय उपप्रधान एवम् संघीय मामिला तथा स्थानीय विकास मन्त्री प्रकाशमान सिंहज्यू
विशेष अतिथि माननीय कानुन, न्याय, संविधान सभा तथा संसदीय मामिला मन्त्री नरहरि आचार्यज्यू
विषेश अतिथि माननीय सभासद्ज्यूहरू
विशेष अतिथि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका श्रीमान् सचिवज्यू
नेपाल सरकारका विशिष्ट पदाधिकारीज्यूहरू
काठमाडौं जिल्लाका प्रमुख जिल्ला अधिकारीज्यू
क्रियाशिल राजनैतिक दलका प्रमुख एवम् प्रतिनिधिज्यूहरू
काठमाडौं महानगरपालिका प्रमुख एंव कार्यकारी अधिकृतज्यू
सबै नगरपालिकाका प्रमुख एवम् कार्यकारी अधिकृतज्यूहरु
ललितपुर तथा भक्तपुरका स्थानीय विकास अधिकारीज्यूहरु
सुरक्षा निकायका प्रमुखज्यूहरु
विषयगत कार्यालयका प्रमुखज्यूहरू
जिल्ला समन्वय समितिका उपाध्यक्षज्यूहरु
जिल्ला विकास समितिका पूर्व सभापति एवं उपसभापतिज्यूहरु
जि.वि.स. महासंघ, नगरपालिका संघ, गा.वि.स. महासंघ
गैरसरकारी संस्थाका प्रतिनिधिज्यूहरू
नेपाल चेम्बर अफ कमर्सका अध्यक्षज्यू
उपस्थित कार्यालय प्रमुखज्यूहरू
विभिन्न संघसंस्थाका प्रमुख एवम् प्रतिनिधिज्यूहरू
जि.वि.स. तथा जिल्ला प्राविधिक कार्यालय लगायत सम्पूर्ण कर्मचारीहरू
संचारकर्मी मित्रहरू,
उपस्थित भद्रमहिला तथा सज्जन वृन्द एवं काठमाडौंबासी समग्र आदरणीय दाजुभाइ तथा दिदीबहिनीहरु ।

लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चातको आठौं जिल्ला परिषद्ले गरेका निर्णय सार्वजनिकीकरणको यस गरीमामय सभामा देशको राजधानी समेत रहेको काठमाडौ जिल्लाको आ.व. २०७२/०७३ को लागि स्वीकृत वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा

गौरवान्वित महशुस गरेका छौं । यस कार्यक्रममा हाम्रो आमन्त्रणलाई स्वीकार गरी पाल्नुभएका श्रद्धेय प्रमुख अतिथिज्यू, विशेष अतिथिज्युहरु, अतिथिज्यूहरु लगायत सम्पूर्ण महानुभावहरूमा जिल्ला विकास समिति, काठमाडौंको तर्फबाट हार्दिक स्वागत गर्दछौं ।

यस गरीमामय अवसरमा लोकतान्त्रिक गणतन्त्र स्थापनासम्मको अवधिमा आफ्नो जीवनको वलिदान गर्नुहुने ज्ञात अज्ञात शहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

नेपाल सरकारको २०७१ मंसिर १६ गतेको निर्णयले काठमाडौ जिल्लामा थप ९ वटा नयाँ नगरपालिका गठनसँगै जिल्ला गा.वि.स. विहीन भएको छ । यस सँगसँगै राजधानी मेट्रो शहर निर्माणको सोच अगाडि वढिरहेको सन्र्दभमा जिल्ला विकास समितिले आफ्नो भूमिकालाई सोही दिशामा केन्द्रित गर्दै लैजानु पर्ने भएको छ । यस अवस्थामा समितिले आफ्नो भूमिका कार्यान्वयन कर्तावाट क्रमशः विकासका साझेदारहरुवीच समन्वय र अनुगमनकर्ता तर्फ केन्द्रित गर्दै लैजानु पर्ने अवस्था आएको छ ।

नेपाल सरकारले आगामी आ.व. देखि राष्ट्रिय योजना आयोगबाट प्रकाशित हुने जिल्लागत योजना पुस्तिका (भाग–२) प्रकाशन नगर्ने निर्णय गरिसकेको छ । स्थानीय स्वायत्त शासन र विकेन्द्रीकरणको मर्म अनुरुप सरकारको यो निर्णय  स्वागतयोग्य कदम हो । उक्त निर्णय कार्यान्वयन गर्न जिल्ला विकास समिति र विषयगत कार्यालयहरुलाई अवसर प्राप्त भएको छ तथापि चुनौती र चाप दुवै वढेको अनुभूति समेत भएको छ ।

उल्लेखित पृष्ठभूमिमा संविधान सभाका माननीय सदस्यज्यूहरु, राजनैतिक दलका प्रतिनिधिज्यूहरु लगायत सरोकारवाला निकाय तथा जनस्तरवाट प्राप्त सुझाव समेतका आधारमा स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले परिकल्पना गरेको सहभागितात्मक योजना तर्जुमा प्रक्रिया अवलम्वन गरी यो नीति तथा कार्यक्रम तयार गरिएको व्यहोरा यस सम्मानित सभा समक्ष राख्न चाहन्छु ।

आदरणीय उपस्थित महानुभावहरु,

म यहाँहरू समक्ष गत आ.व. २०७०/०७१ र चालु आ.व. ०७१/७२ को हालसम्मको संक्षिप्त उपलब्धि प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

गत आ.व. ०७०/०७१ मा जिविसले विभिन्न योजना तथा कार्यक्रमहरू संचालनका लागि विनियोजित रकम ६८ करोड ५६ लाख ९० हजार रहेकोमा नेपाल सरकारबाट सशर्त रुपमा जनसहभागिता योजना एवं निर्वाचन क्षेत्र विकास कार्यक्रममा रकम थप समेत गरी असारमसान्तसम्म ८६ करोड ७७ लाख ४५ हजार निकासा भई ६६ करोड ५० लाख ८७ हजार खर्च भएको थियो । जुन वित्तीय प्रगतिको हिसावले ७६.६ प्रतिशत हुन पुगेको देखिन्छ । राजश्व फाँडफाँड समेत आन्तरिक स्रोततर्फ १५ करोड ५४ लाख ४० हजार अनुमान गरेकोमा ३० करोड ३६ लाख ५४ हजार आम्दानी भएको थियो ।

उल्लेखित स्रोतवाट गत आ.व.मा सडक कालोपत्रे ७.३९ किलोमीटर, ग्राभेल २१.११ किलोमीटर र ढलान २.१० किलोमीटर निर्माण कार्य सम्पन्न भएको छ भने विभिन्न स्थानमा गरी ७.५७ कि.मी. सडक स्तरोन्नति गर्ने कार्य सम्पन्न गरिएको छ ।

त्यसैगरी चालु आ.व. २०७१/७२ को हालसम्म आन्तरिक स्रोततर्फको १६ करोड १५ लाख ९० हजार र नेपाल सरकारबाट प्राप्त हुने अनुदान रु. ७२ करोड ७९ लाख ६६ हजार गरी जम्मा ८८ करोड ९५ लाख ५६ हजारको अनुमानित आयव्यय सार्वजनिक गरिएकोमा माघ मसान्तसम्म २९ करोड १६ लाख ९ हजार यथार्थ आम्दानी भई १६ करोड ८२ लाख ९३ हजार खर्च भएको छ ।

पक्की पुल निर्माणतर्फ गोगंवु र मनमैजुको सिमानास्थित विष्णुमती पुलको निर्माण कार्य सम्पन्न भैसकेको छ । कपन निलो पुलको निर्माण कार्य चालु आ.व. भित्रै सम्पन्न हुने अवस्थामा पुग्नुको साथै तीनथाना विष्णुदेवी पुलको निर्माण कार्य समेत अगाडि वढाईएको छ ।

गत आ.व.मा ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रम अन्तर्गत काठमाडौं जिल्लाका विभिन्न क्षेत्रहरुमा खानेपानी आयोजना सम्पन्न गरिएको थियो । साथै काठमाडौं जिल्लाभित्रका ग्रामीण क्षेत्रहरुलाई खुला दिसामुक्त क्षेत्र घोषणा गर्दै जाने अभियान अनुसार २०७१ असार मसान्तसम्म १६ वटा गा.वि.स.लाई खुला दिसामुक्त घोषणा गरिसकिएको थियो । यस अभियानलाई सफल बनाउन अवका दिनमा नगरपालिकाहरुसँग साझेदारी गरी सार्वजनिक शौचालय निर्माण कार्यलाई प्राथमिकताका साथ अघि वढाउनुको साथै सरसफाईलाई अभियानको रुपमा अघि बढाइनेछ ।

झोलुङ्गे पुल तर्फ गत आ.व. ०७०/७१ मा नाङ्गलेभार स्थित जर्केखोलामा झोलुङ्गेपुल निर्माण कार्य सम्पन्न भएको तथा चालु आ.व.मा अन्य ४ वटा झो.पु. को निर्माण कार्य सम्पन्न हुने र ३ वटा झो.पु.को फेब्रिकेशन कार्य सम्पन्न गर्ने लक्ष्य लिई कार्य अघि वढाईएको छ ।

भारतीय दूतावासको सहयोगमा नाङ्गलेभारेस्थित चापावोट उच्च मा.वि.को भवन निर्माण कार्य सम्पन्न भएको छ भने भद्रकालीस्थित खाद्य प्रयोगशाला भवन, गोठाटार स्थित मदन आश्रित प्राविधिक शिक्षालयको छात्रावास भवन र गान्धी आदर्श उच्च मा.वि.को भवन निर्माण कार्य चालु आ.व.मा सम्पन्न हुने अवस्थामा रहेका छन् । वूढानीलकण्ठ मन्दिर परिसरमा मठाधिश भवन र कोटेश्वर क्याम्पसको भवन निर्माण कार्यको लागि आवश्यक प्रक्रिया अगाडि वढाईएको छ । आगामी आ.व. ०७२/७३ को लागि का.म.न.पा. १४ कुलेश्वर स्थित कुलेश्वर आवास उच्च मा.वि. भवन, डिल्लीवजारस्थित पद्मकन्या उच्च मा.वि.को परिसरमा मंगलादेवी महिला छात्रावास भवन र वूढानीलकण्ठ स्थित एकल महिला समूहको छहारी भवन निर्माणको लागि पेश गरिएको परियोजना प्रस्ताव भारतीय दुतावासवाट स्वीकृती हुने प्रक्रियामा रहेको छ ।

साना सिंचाई कार्यक्रमतर्फ गत आ.व. मा रु १६ लाख ६६ हजार वजेट खर्च भई ८ वटा योजना सम्पन्न भएका थिए ।

जिल्लास्तरीय सडक योजनाहरू निश्चित अवधिभित्र सम्पन्न गर्ने जि.वि.स. को नीति वमोजिम चालु आ.व.मा १४ वटा जिल्लास्तरीय सडकहरूको लागि जि.वि.स. अनुदानवाट २ करोड ९८ लाख वजेट स्वीकत गरिएकोमा २ करोड ३४ लाख ८५ हजारको अख्तियारी प्राप्त भएकोले सोही अनुसार समायोजन गरी योजना कार्यान्वयन प्रक्रिया अघि वढाईएको छ ।

त्यसैगरी चालु आ.व.को लागि जि.वि.स.को आन्तरिक स्रोत अन्तर्गत ईलाकास्तरीय गोष्ठीवाट छनौट भई सातौं जिल्ला परिषद्वाट स्वीकृत ३ करोड ४६ लाख रकमवाट ईलाकास्तरीय योजना तथा कार्यक्रम कार्यान्वयन प्रकृया अघि वढाईएको छ ।

गत आ.व. मा कुल १२ करोड ३४ लाख ९५ हजार सामाजिक सुरक्षा तर्फको भत्ता वितरण गरिएको थियो । त्यसैगरी चालु आ.व. ०७१/७२ मा सामाजिक सुरक्षा भत्ता वितरणको लागि २०,६८४ जनाको लागि ४ करोड १४ लाख ४९ हजार प्रथम चौमासिक निकासा भई वितरण समेत भईसकेको व्यहोरा जानकारी गराउँदछु ।

व्यक्तिगत घटना दर्तातर्फ गत वर्ष जन्म, मृत्यु, विवाह, वसाई सराई र सम्वन्ध विच्छेद गरी जम्मा ३६,०२८ वटा घटना दर्ता भएका थिए । साथै चालु वर्षको हालसम्म १३,३२८ घटना दर्ता भएका छन् ।

गत आ.व.मा जि.वि.स.को केन्द्र तर्फको कुल वेरुजु ८ करोड ३९ लाख १४ हजार मध्ये १ करोड ६१ लाख ९६ हजार रुपैया फछ्र्यौट भई १९ प्रतिशत प्रगति हासिल भएको थियो । त्यसैगरी चालु आ.व.मा जि.वि.स.को गत विगतदेखिको वेरुजुको लगत अद्यावधिक गरी नियमित तथा सम्परीक्षण गर्ने प्रकृया अगाडि वढाईएको व्यहोरा सम्मानित सभालाई जानकारी गराउँदछु ।

आदरणीय महानुभावहरु,

अव आगामी आ.व. २०७२/७३ का लागि जिल्ला विकास योजना तर्जूमा गर्दा लिईएका मुख्य नीतिहरु प्रस्तुत गर्न अनुमति चाहन्छु ।

आ.व. २०७२/७३ को जिल्ला विकास योजना निर्माण गर्दा नेपालको अन्तरिम संविधान, २०६३ ले परिलक्षित गरेका सिद्धान्तहरू, चालु योजनाका रणनीति र प्राथमिकताहरु, सरकारले अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिवद्धताहरु, स्थानीय स्वायत्त शासन ऐन, २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४, स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ का व्यवस्थाहरू, नेपाल सरकार, राष्ट्रिय योजना आयोग र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयवाट प्राप्त मार्गदर्शनलाई मुख्य आधार बनाइएको छ ।

यसै सन्दर्भमा जिल्ला विकास समितिको नेतृत्व आवधिक जिल्ला विकास योजना तर्जुमा गरिरहेको हुँदा उक्त योजना निर्माण सम्पन्न गरी योजनाका प्राथमिकताका आधारमा कार्यक्रमहरु संचालन गर्ने व्यवस्था मिलाइने छ ।

**आन्तरिक आय र राजश्व परिचालन तर्फ**

- दीगो र भरपर्दो आयका स्रोतहरु मार्फत राजश्व संकलन र त्यसको समुचित परिचालन विना स्थानीय स्वायत्तताको प्रर्वद्धन सम्भव छैन । नगरपालिका घोषणासगै जि.वि.स.को आन्तरिक आयमा व्यापक कटौती हुने भएकोले आयका नयाँ क्षेत्रहरुको पहिचान र परिचालनमा जोड दिइनेछ ।

- आगामी आ.व.मा राजश्व र करका दरहरुमा सामान्य फेरवदल गरी कार्यान्वयनमा ल्याउने तथा दायरा फराकिलो वनाउने नीति लिइने छ ।
- प्राकृतिक स्रोतको उपयोग र निकासीमा वढ्दो चुहावट नियन्त्रण गर्न स्थानीय समुदाय र स्थानीय प्रशासनसँगको सहकार्यमा अनुगमनलाई तिव्रता दिने तथा चुहावट नियन्त्रणमा सहयोग गर्नेलाई पुरस्कृत गर्ने नीति लिइनेछ ।
- प्राकृतिक स्रोत ढुंगा, गिटी, वालुवा तथा माटो निकासी तथा व्यवस्थापन गर्दा स्पष्ट कार्यविधि वनाई लागू गरिने छ ।

**योजना कार्यान्वयन तथा पूर्वाधार विकास तर्फ :**

- काठमाडौ जिल्ला गा.वि.स. विहीन भएको हुदाँ जिल्ला विकास समितिले रणनैतिक महत्वका पूर्वाधार विकास र जिल्लास्तरीय योजनामा ध्यान केन्द्रित गर्दै स-साना पूर्वाधार निर्माणको काम नगरपालिकाहरु मार्फत कार्यान्वयन गर्ने व्यवस्था मिलाईने छ ।
- क्रमागत तथा अधुरा योजनाहरुलाई प्राथमिकता दिइनेछ ।
- योजनाहरुको नियमित मर्मत संभार गर्ने काममा सम्वन्धित उपभोक्ता समितिहरुलाई जिम्मेवार वनाउन निश्चित समयसम्म अनिवार्य मर्मत संभार गर्न कोषको व्यवस्था सहित योजना हस्तान्तरण गर्न कार्यविधि निर्माण गरी लागू गरिने छ ।
- सार्वजनिक निजी साझेदारीका आधारमा संचालन गर्न सकिने आयोजनाहरुको पहिचान गरी कार्यान्वयन गर्दै जाने नीति लिईनेछ ।
- जिल्ला गौरवका आयोजनाहरु पहिचान गरी कार्यान्वयन प्रक्रिया अगाडि बढाइनेछ ।
- साविकमा जिल्ला सडकको रुपमा परिभाषित गरिएका र हाल एउटै नगरपालिकाको भूगोलभित्र पर्ने सडकहरुलाई नगरस्तरीय सडकमा रुपान्तरण गरी नगरपालिकाहरुमा हस्तान्तरण गर्ने नीति लिइनेछ ।
- जिल्लास्तरीय सडकको विद्यमान मापदण्ड व्यवहारिक नभएको भनी जनस्तरबाट माग र सुझाव प्राप्त भएको हुँदा आवश्यक पुनरावलोकनका लागि पहल गरिनेछ ।
- काठमाडौं महानगरपालिकाको वढ्दो जनसंख्या एवं शहरीकरणको चापलाई व्यवस्थित गर्न नवगठित नगरपालिकालाई Satellite City को रुपमा विकास गर्ने कार्यको शुरुवात गरिनेछ ।

**सामाजिक विकासतर्फ :**

- महिला, वालवालिका, दलित, आदिवासी जनजाति, जेष्ठ नागरिक, मधेशी, मुस्लिम, अपाङ्गता भएका र पिछडिएका वर्गलाई सामाजिक परिचालनको माध्यमद्वारा

सशक्तिकरण गर्नुका साथै आर्थिक विकासका कार्यक्रमहरू विभिन्न निकाय तथा संस्थासँग साझेदारी र सहकार्यमा संचालन गरिनेछ

- लक्षित वर्गलाई योजना प्रक्रियामा सहभागी गराई उनीहरुको आर्थिक विकासका लागि विपन्न उज्यालो कार्यक्रम, महिला गरिवी न्यूनीकरण कार्यक्रम र राज्यका विभिन्न निकायमा पहुँच अभिबृद्धिका कार्यक्रम संचालन गरिनेछ ।
- हिंसा पीडित, एकल महिला, जोखिममा परेर वैदेशिक रोजगारीबाट फर्केका महिला, वेसहारा एवं अपांगता भएका महिलाहरूको अधिकार संरक्षण र प्रवर्द्धन गर्न उक्त क्षेत्रमा कार्यरत गैसस, महिला तथा बालबालिका कार्यालयसंग समन्वय गरी कार्यक्रम संचालन गरिनेछ ।
- काठमाडौं जिल्लालाई बालमैत्री जिल्ला वनाउन वालमैत्री स्थानीय शासन सम्वन्धी रणनीतिक योजना अनुसार अन्य साझेदार संग समन्वय र साझेदारीमा कम्तिमा एक नगरपालिकामा सघन कार्यक्रम संचालन गरिने छ ।
- दलित, आदिवासी जनजाति, महिला, मधेशी, मुस्लिम, पिछडिएका वर्ग, अपांगता भएकाहरू र विपन्न जेहेन्दार विद्यार्थीहरूलाई उच्च शिक्षा हासिल गर्न निश्चित कोटा प्रदान गरी छात्रवृत्ति दिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- जिल्लाको अपाङ्गताको प्रोफाईल तयार गर्न सम्वन्धित क्षेत्रमा कार्यरत कार्यालय तथा गैरसरकारी संस्थासंग समन्वय गरी कार्यक्रम संचालन गरिनेछ ।
- राज्यका गहनाको रुपमा रहेका जेष्ठ नागरिकहरूको मनोवल उच्च राख्न जेष्ठ नागरिक सम्मान कार्यक्रमलाई अगाडि वढाइनेछ । यसका लागि जेष्ठ नागरिक सेवा केन्द स्थापनामा सहयोग, विद्यमान जेष्ठ नागरिक केन्द्रको स्तरोन्नति लगायतका काममा सहकार्य र समन्वय गरिनेछ ।
- काठमाडौं जिल्लामा विद्यमान वढ्दो शैक्षिक वेराजगारलाई मध्यनजर गर्दै महिला, दलित, आदिवासी जनजातिहरूका युवालाई लक्षित गरी स्वरोजगारमूलक तालिम तथा नतिजामूलक क्षमता विकास सम्वन्धी कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- युवा तथा खेलकुद क्षेत्रको विकासका लागि सरोकारवाहरुसँग समन्वय र सहकार्यमा कार्यक्रमहरु संचालन गर्ने नीति लिइने छ ।
- स्वास्थ्य क्षेत्रको प्रभावकारिताको लागि एक नगरपालिका एक अस्पतालको अवधारणा कार्यान्वयन गर्न सम्बन्धित निकायमा पहल गरिनेछ साथै एचआईभी/एड्स, लागुऔषध दूरुपयोग लगायतका रोगहरु न्यूनीकरण लगायतका कार्य संचालन गरिनेछ ।

**खानेपानी, सरसफाइ तथा वातावरणतर्फ :**

- काठमाडौं जिल्लालाई खुल्ला दिशामुक्त जिल्ला वनाउन नवगठित नगरपालिकाहरुसंग सहकार्य गरी अभियान संचालन गरिनेछ । टोखा, वुढानीलकण्ठ र गोकर्णेश्वर नगरपालिकालाई यसै आ.व. भित्र खुला दिसामुक्त नगर घोषणा गरी आगामी आ.व. भित्रै जिल्लालाई खुला दिसामुक्त जिल्ला घोषणा गरिनेछ । यसको लागि विपन्नताको आधारमा प्रदान गरिदै आएको सहयोगलाई यथावत राखिएकोछ ।
- खुला दिशामुक्त अभियानलाई सफल पार्न उत्कृष्ट कार्य सम्पादन गर्ने नगरपालिकाका कार्यकारी अधिकृत, वडा सचिव, कर्मचारी, सामाजिक परिचालक तथा वडा नागरिक मञ्चका पदाधिकारीहरु समेतलाई पुरस्कृत गरिनेछ ।
- फोहोरवाट उर्जा उत्पादन गर्ने कार्यलाई प्रोत्साहन गर्न नगरपालिकाहरुसँग साझेदारीको लागि कोषको व्यवस्था गरिएकोछ ।
- वाग्मती, विष्णुमती, धोवीखोला लगायतका नदीहरूको सरसफाईका लागि शुरु भएका अभियानलाई सफल र दीगो वनाउन पहल गरिनेछ ।
- सन् २०१७ सम्म काठमाडौ जिल्लाका सम्पूर्ण घरहरुमा स्वच्छ उर्जा प्रविधिहरु पुऱ्याई घरभित्रको धुवाँ मुक्त वनाउन अभियान संचालन गरिनेछ ।
- देशले भोगिरहेको उर्जा संकट न्यूनीकरणलाई समेत टेवा पुऱ्याउने उद्देश्यले नविकरणीय सौर्य उर्जा प्रविधिलाई विस्तार गर्न बजेटको व्यवस्था गरिएकोछ ।
- काठमाडौ जिल्लाभित्र रहेका पुराना तथा ऐतिहासिक महत्वका शहरहरुलाई लक्षित गरी **पुराना शहर–उज्यालो कार्यक्रम** लागू गरिनेछ । जसको लागि यसै वर्ष पूर्वमा साँखु, पश्चिममा थानकोट, उत्तरमा टोखा र दक्षिणमा फर्पिङ्ग वजारमा सौर्य उर्जा जडान कार्यक्रम यसै बर्षदेखि शुरु गरिनेछ ।
- वातावरणमैत्री स्थानीय शासनको प्रारुपलाई स्थानीयकरण गर्न अभियान संचालन गरिनेछ ।

**सस्थागत सुधार तथा सुशासनतर्फ :**

- सेवा प्रवाहलाई पारदर्शी र प्रभावकारी वनाउदै सुशासन कायम गर्न **सार्व**जनिक सुनुवाई र उपभोक्ता समितिवाट भएका कार्यहरुको सार्वजनिक परीक्षण गर्ने कार्यलाई विस्तार गर्दै लगिएको छ । सुशासन र सार्वजनिक खरिद इकाईलाई सक्रिय पारिएको छ । आयोजना स्थलमा होर्डिङ बोर्ड राख्ने, खर्च सार्वजनिक गर्ने, कार्यालयमा उजुरी पेटिका राख्ने, सहयोगी कक्ष स्थापना गर्ने, गुनासो सुन्ने अधिकारी र सम्पर्क अधिकारी, सूचना अधिकारी तोकी सेवा प्रवाहमा प्रभावकारिता बढाउने प्रयासलाई अझ प्रभावकारी वनाउँदै लगिनेछ ।

- सेवा प्रवाहलाई आधुनिकीकरण गर्न विद्युतीय शासन प्रणालीलाई अझ सशक्त बनाउँदै विद्युतीय हाजिरी, विद्युतीय नागरिक वडापत्र तथा शाखागत DIsplay Board मार्फत प्रभावकारी वनाईने छ ।
- जि.वि.स.मा कार्यरत कर्मचारीहरलाई कामप्रति उत्प्रेरित वनाई उत्पादकत्व अभिवृद्धि गरी जनविश्वास आर्जन गर्न सक्ने वनाउन आगामी आ.ब.को शुरुदेखि नै कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागू गरिनेछ । साथै उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीलाई पुरस्कृत गरिने छ ।
- सामाजिक परिचालक, सहायक कर्मचारी तथा उपभोक्ता समितिका पदाधिकारीहरुलाई योजना संचालन तथा फरफारक सम्वन्धमा अनुशिक्षण तथा तालिम प्रदान गरिनेछ ।
- शाखागत सुदृढीकरण गर्न शाखाले सम्पादन गर्ने कार्यको आधारमा प्रत्येक कर्मचारीको कार्य विवरण तयार गरी प्रभावकारी रुपमा लागू गरिनेछ ।

**अन्य नीतिहरू :**

- परम्परागत कृषि प्रणालीलाई आधुनिक, व्यवसायीकरण तथा विविधीकरण रुपमा सचालन गर्न कृषिसँग सम्बन्धित निकायसँग समन्वय गरी कार्यान्वयन गरिनेछ ।
- विपद् जोखिम व्यवस्थापनका कार्यक्रमहरुलाई विकासका क्रियाकलापहरुमा मूलप्रवाहीकरण गर्दै विपद् उत्थानशील समाज निमार्णका लागि आगामी वर्ष जिल्ला विपद् व्यवस्थापन योजना तयार गरी कार्यान्वयनमा ल्याइने छ ।
- काठमाडौ जिल्लाका पर्यटकीय क्षेत्रहरुको विकास र प्रवर्द्धनका लागि पर्यटन वोर्ड एवं अन्य सरोकारवालाहरूसँग समन्वय गरी पर्यटन प्रवर्द्धनात्मक कार्यक्रम संचालन गरिनेछ । ग्रामीण पर्यटनलाई प्रवर्द्धन गर्न विभिन्न संघसंस्थाहरूसंग सहकार्य गरी कार्यक्रम संचालन गरिनेछ । साथै प्राकृतिक र पर्यटकीय स्थलहरूको पहिचान गरी तिनीहरूको संरक्षण र प्रवर्द्धनमा टेवा पुग्ने किसिमका विकास निर्माणका कार्यहरूलाई उच्च प्राथमिकताका साथ अगाडि वढाइनेछ ।
- जिल्लाभित्रका धार्मिक, सांस्कृतिक, ऐतिहासिक सम्पदाहरूको संरक्षण गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- काठमाडौं जिल्लामा क्रियाशील सहकारीहरूलाई विकास कार्यमा समेत परिचालन गर्नको लागि डिभिजन सहकारी कार्यालयसँग समन्वय गरी साझेदारी कार्यक्रम अघि बढाइनेछ ।
- गैर सरकारी संस्थाहरुका क्रियाकलापहरुलाई पारदर्शी वनाई विकासका भरपर्दो साझेदारको रुपमा विकास गर्न अनुगमन कार्यलाई प्रभावकारी वनाईने छ । स्थानीय

निकायसँग समन्वय नगरी कार्यक्रम संचालन गर्ने गै.स.स.हरुको नविकरण सिफारिश नगर्ने नीति लिइनेछ ।

- सामुदायिक विद्यालयलाई शैक्षिक गुणस्तरमा सुधार गर्न तथा पूर्वाधार विकासमा सहयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

आगामी आ.व. ०७२/७३ को लागि जि.वि.स.का प्रमुख कार्यक्रमहरू

अव म आगामी आ.व.मा संचालन गरिने प्रमुख कार्यक्रमहरू प्रस्तुत गर्दछु ।

१) आगामी आ.व.मा जिल्ला स्तरीय सडक सम्वन्धी कार्यक्रम स्वीकृत गरी रु. १ करोड वजेट विनियोजन गरिएको छ ।

२) इलाकास्तरीय गोष्ठी मार्फत छनौट गरिएका ११३ वटा योजना तथा कार्यक्रमहरुको लागि जम्मा रु ३ करोड ५ लाख बजेट स्वीकृत गरिएको छ ।

३) स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रमतर्फका १० वटा सडकहरुको लागि रु १ करोड ५ लाख र १ वटा स्थानीयस्तरका सडक पुल निर्माणको लागि रु ५० लाख गरी जम्मा रु.१ करोड ५५ लाख बजेट विनियोजन गरिएको छ ।

४) ग्रामीण खानेपानी तथा सरसफाईतर्फ १० वटा योजना/कार्यक्रमहरुको लागि रु ६७ लाख ७६ हजार विनियोजन गरिएको छ ।

५) साना सिचाई, नदी नियन्त्रण तथा अन्य पूर्वाधार कार्यक्रम अर्न्तगत १२ वटा योजनाको लागि रु ४७ लाख विनियोजन गरिएको छ ।

६) ग्रामीण पुनःनिर्माण तथा पुनःस्थापना परियोजना अन्तरगत छनौट भएका ६ वटा सडकहरुको स्तरोन्नति र सामुदायिक पूर्वाधार निर्माण कार्यलाई ३ करोड ६५ लाख बजेट प्रस्ताव गरिएको छ ।

७) सामुदायिक तथा सार्वजनिक भवन निर्माणका लागि शान्ति तथा पुर्ननिर्माण मन्त्रालय अर्न्तगतका विभिन्न ९० वटा योजना/आयोजनाको लागि रु ६ करोड वजेट प्रस्ताव गरिएको छ ।

८) चालु आ.व.मा निर्माणाधीन रहेका भारतीय राजदूतावासतर्फका ४ वटा योजनाहरूलाई यसै आ.व.मा सम्पन्न गरिनेछ भने २ वटा क्रमागत योजनाहरुको लागि १ करोड ५० लाख रकम प्राप्त हुने गरी कार्यक्रम सम्झौता भईसकेको छ । साथै ३ वटा नयाँ योजनाहरू दूतावासंग सम्झौताको प्रकृयामा रहेका छन् ।

९) आर्थिक एवं सामाजिक रुपमा पिछडिएका वर्गका आदिवासी जनजाति, दलित, गरीव, महिला, अपांग, मुस्लिम लगायतका जेहेन्दार विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गर्न रु. ६ लाख विनियोजन गरी कार्यक्रमलाई निरन्तरता दिईएको छ ।

१०) महिला लक्षित कार्यक्रमहरुको लागि रु ५३ लाख ७० हजार, बालवालिका लक्षित कार्यक्रमहरुको लागि रु ५३ लाख ७० हजार र आदिवासी जनजाति, दलित, जेष्ठ

नागरिक, अपाङ्गता, मधेसी, मुस्लिम लगायतका लक्षित वर्गहरुको लागि रु ८० लाख ५५ हजार विनियोजन गरिएको छ ।

११) शिक्षा, स्वास्थ्य, आदि जस्ता सेवामूलक क्षेत्रसंग सम्वन्धित कार्यक्रम तथा क्रियाकलापहरु संचालन गर्न रु १० लाख छुट्याईएको छ ।

१२) स्थानीय स्वायत्त शासन नियमावली, २०५६ वमोजिमका विभिन्न कोषहरुमा रकम विनियोजनलाई निरन्तरता दिईएको छ ।

आदरणीय महानुभावहरू,

अब म आगामी आर्थिक वर्ष २०७२/०७३ को लागि कूल आय व्यय अनुमान प्रस्तुत गर्दछु ।

यस काठमाडौं जिल्लामा जिल्ला विकास समितिको आन्तरिक श्रोत, राजश्व वाँडफाँड, विद्युत रोयल्टी, जि.वि.स. अनुदान समेत गरी जम्मा २२ करोड ९३ लाख १९ हजार र केन्द्रीय अनुदानबाट प्राप्त हुने सशर्त अनुदान ३५ करोड ७ लाख ११ हजार गरी जम्मा ५८ करोड ३० हजारको बजेट तथा कार्यक्रम प्रस्तुत गरिएको छ ।

काठमाडौं महानगरपालिका, १० वटा नगरपालिकाहरु, विषयगत कार्यालयहरू समेतको जम्मा ६ अर्व ४१ करोड २४ लाख ११ हजार गरी काठमाडौं जिल्लाको कुल वजेट ६ अर्व ९९ करोड २४ लाख ४१ हजार रहने अनुमान गरिएको छ ।

## आ.व. २०७२/०७३ को लागि काठमाडौं जिल्लाको प्रस्तावित बजेटको संक्षिप्त विवरण

| क्र.सं. | विवरण | आ.व. ०७२/७३ को प्रस्तावित बजेट (रु हजारमा) | | |
|---|---|---|---|---|
| | | चालु | पूंजीगत | जम्मा |
| **१** | **जि.वि.स. तर्फको जम्मा** | **१३३४०६** | **४४६६२४** | **५८००३०** |
| १.१ | जि.वि.स.तर्फ (आन्तरिक स्रोत, विद्युत रोयल्टी, जि.वि.स. पूँजीगत अनुदान समेत) | ३७१२९ | १९२१९० | २२९३१९ |
| १.२ | वाह्य स्रोत तर्फ | ९६२७७ | २५४४३४ | ३५०७११ |
| **२** | **अन्य निकाय तर्फको जम्मा** | **२१६८४६७** | **४२४३९४४** | **६४१२४११** |
| २.१ | काठमाडौं महानगरपालिका | ९३८७२० | २१५०२६० | ३०८८९८० |
| २.२ | १० वटा नगरपालिका | २८३५१३ | ९९४४९३ | १२७८००६ |
| २.३ | विषयगत कार्यालयहरू | ९४६२३४ | १०९९१९१ | २०४५४२५ |
| | **कुल जम्मा (१+२)** | **२३०१८७३** | **४६९०५६८** | **६९९२४४१** |

आदरणीय महानुभावहरू,

रामा योजना तर्जुमा र बजेटको विनियोजनले मात्रै अपेक्षित नतिजा प्राप्त गर्न सकिँदैन, त्यसको लागि सहज र प्रभावकारी कार्यान्वयन हुनुपर्दछ । यसका लागि सवै राजनैतिक दल, नागरिक समाज, सरकारी एवं गैरसरकारी संस्थाहरू, उपभोक्ता समितिहरु, निर्माण व्यवसायीहरु, आम कर्मचारी वर्ग एवम् सबै जिल्लावासी दाजुभाइ दिदीबहिनीहरुको साझा प्रयास र प्रतिवद्धता आवश्यक छ । यसको लागि सदाझै सम्बन्धित सरोकारवालाहरुबाट सहयोग प्राप्त भइरहने आशा एवं विश्वास लिएको छु ।

अन्त्यमा,

अति व्यस्त सयमका वावजुद हाम्रो निमन्त्रणालाई स्वीकार गरी काठमाडौं जिल्लाको आठौं जिल्ला परिषद्को निर्णय सार्वजनिकीकरण समारोहमा पाल्नुभएका प्रमुख अतिथिज्यू, विशिष्ट अतिथि, अतिथिज्यू लगायत सम्पूर्ण उपस्थित महानुभावहरू प्रति हार्दिक कृतज्ञता सहित आभार व्यक्त गर्दछु ।

यस जिल्लाको आर्थिक तथा सामाजिक विकासका लागि अहोरात्र सहयोग पुऱ्याउदै आउने राजनैतिक दलहरू, विषयगत कार्यालयहरू, सुरक्षा निकायहरू, संचारकर्मीहरू, समाजसेवी, उद्योगपति, व्यवसायी, मजदुर, किसान र सवै सरोकारवालाहरू लगायत आम जिल्लावासीमा हार्दिक आभार प्रकट गर्दछु । साथै जिल्लाको विकासमा सहयोग गर्ने सम्पूर्ण दातृ निकायहरू, गैह्र सरकारी संस्था एवं विकासका सवै साझेदार तथा राष्ट्रसेवक कर्मचारी साथीहरूलाई धन्यवाद दिदैं आगामी दिनहरूमा पनि निरन्तर सहयोग पाइरहने अपेक्षा राखेको छु ।

धन्यवाद ! नमस्कार !

मितिः २०७१/११/१४

तिर्थराज भट्टराई
स्थानीय विकास अधिकारी
जिल्ला विकास समिति काठमाडौं

अनुसुची ५

नियम ६० को उपनियम (१) को खण्ड (क) संग सम्वन्धित

जिल्ला विकास समितिको कार्यालय, काठमाडौं

## आ.व. २०७०/७१ को यथार्थ आय, आ.व. २०७१/७२ को प्रस्तावित आय, आ.व. २०७१/७२ को माघमसान्तसम्मको यथार्थ आय, आ.व. २०७१/०७२ को संशोधित आय र आ.व. २०७२/७३ को प्रस्तावित आय विवरण

| सि.नं. | आम्दानी विवरण | २०७०।०७१ को यथार्थ आय | २०७१।०७२को प्रस्तावित आय | २०७१ माघमसान्तसम्मको यथार्थ आय | २०७१।०७२ को संशोधिन आय | २०७२।०७३को प्रस्तावित आय |
|---|---|---|---|---|---|---|
| १ | **आन्तरिक श्रोत** | | | | | |
| **१.१** | **स्थानीय कर** | **४५७२४१८५** | **२९७०००००** | **२०५३७२९१।६६** | **३४३७५२३१।६६** | **३३६०००००** |
| १.१.१ | पुर्वाधार उपयोग कर (पटके सवारी कर समेत) | ४६३१८६६ | ५५००००० | ७९६५४० | ८००००० | १०००००० |
| १.१.२ | श्रोत उपयोग कर (पानी आपूर्ति) | ० | ५००००० | ० | ० | ५००००० |
| १.१.३ | खानी जन्य कर (वालुवा/ढुंगा गिट्टी) | ३७०९२३१९ | २००००००० | १९१६५५२० | २५०००००० | ३०००००० |
| १.१.४ | कवाडी जन्य कर (स्था.वि.म.कोअख्तियारीबाट) | | ० | ० | ० | ० |
| १.१.५ | कृषि तथा पशु जन्य कर | | ३२००००० | ५७५२३१।६६ | ५७५२३१।६६ | १००००० |
| १.१.६ | वन जन्य कर (हाड, सिङ्ग, प्वांख, छाला आदि) | ४०००००० | ५००००० | ० | ८०००००० | २०००००० |
| **१.२** | **सेवा शुल्क** | **५५९६०००** | **२०२०००००** | **२५६५०००** | **५००००००** | **६१०००००** |
| १.२.१ | भौतिक सुविधा सेवा शुल्क | ० | २००००० | ० | ० | १००००० |
| १.२.२ | स्थानीय विकास शुल्क | ० | ० | ० | ० | ० |
| १.२.३ | अन्य सेवा शुल्क | ५५९६००० | २०००००००० | २५६५००० | ५०००००० | ६०००००० |
| **१.३** | **दस्तुर** | ८०९२५०५।०० | ८५००००००।०० | ५५६४७००।०० | ७७४५०००।०० | १२६५००००।०० |
| १.३.१ | केवलकार दस्तुर | ० | ० | ० | ० | ० |
| १.३.२ | सिनेमा हल स्थापना अनुमति दस्तुर | ० | ० | ० | ० | ० |
| १.३.३ | निर्माण व्यवसायी अनुमति पत्र र नविकरण दस्तुर | ३०१६५००।०० | ३५०००००।०० | २५३०५००।०० | ३५०००००।०० | ६००००००।०० |
| १.३.४ | परीक्षा दस्तुर/निवेदन दस्तुर | ७३४४०।०० | १०००००।०० | ५२९००।०० | ७००००।०० | १०००००।०० |
| १.३.५ | पानीघाट, जलविहार तथा माछा मार्ने अनुमति दस्तुर | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० |

| सि.नं. | आम्दानी विवरण | २०७०।०७१ को यथार्थ आय | २०७१।०७२को प्रस्तावित आय | २०७१ माघमसान्तसम्मको यथार्थ आय | २०७१।०७२ को संशोधिन आय | २०७२।०७३को प्रस्तावित आय |
|---|---|---|---|---|---|---|
| १.३.६ | खानी दर्ता नविकरण दस्तुर | २०००२०।०० | ३०००००।०० | १५३५००।०० | १७५०००।०० | ३५००००।०० |
| १.३.७ | सिफारिस दस्तुर | ४०७०८२०।०० | ४००००००।०० | २०२५६००।०० | ३००००००।०० | ५००००००।०० |
| १.३.८ | अन्य दस्तुर (टेण्डर दस्तुर) | ७३१७२५।०० | ६०००००।०० | ८०२२००।०० | १००००००।०० | १२०००००।०० |
| **१.४** | **विक्रीबाट प्राप्त आय** | **८०२०००।००** | **१२०००००।००** | **६४६५००।००** | **९०००००।००** | **१००००००।००** |
| १.४.१ | खानी जन्य श्रोत (वालुवा ढुंगा विक्री) | ८०२०००।०० | ७०००००।०० | ६४६५००।०० | ९०००००।०० | १००००००।०० |
| १.४.२ | दहत्तर बहत्तर | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० |
| १.४.३ | चल अचल सम्पत्ति | ०।०० | ५०००००।०० | ०।०० | १०००००।०० | १०००००।०० |
| १.४.४ | जिल्ला दररेट पुस्तिका एवं अन्य पुस्तिका | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० |
| **१.५** | **दण्ड जरिवाना** | **७६१५००।००** | **७०००००।००** | **७०९५००।००** | **१००००००।००** | **१२०००००।००** |
| **१.६** | **राजश्व वाडफांडबाट प्राप्त आय** | २३४०३१२९४।४८ | ९०५४००००।०० | ६८०७६७७१।०० | १००१५००००।०० | १२५६०००००।०० |
| १.६.१ | रजिष्ट्रेशन दस्तुर | २३३०९४८९९।४८ | ९००००००।०० | ६७९६१७८९।०० | १००००००००।०० | १२५२०००००।०० |
| १.६.२ | पर्यटक प्रवेश दस्तुर | ०।०० | ४००००।०० | ०।०० | ०।०० | ४००००।०० |
| १.६.३ | जल विद्युत रोयल्टी | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० |
| १.६.४ | वन क्षेत्रको आय (रोयल्टी) | ०।०० | २०००००।०० | ०।०० | ०।०० | ६००००।०० |
| १.६.५ | खानी रोयल्टी | ९३६३९५।०० | ३०००००।०० | ११४९८२।०० | १५००००।०० | ३०००००।०० |
| १.६.६ | पर्वतारोहण रोयल्टी | | ०।०० | ०।०० | ०।०० | ०।०० |
| १.६.७ | मध्यवर्ती क्षेत्रको आय | | ०।०० | ०।०० | ०।०० | ०।०० |
| **१.७** | **सांवा, व्याज, लाभांश र वोनस** | **०।००** | **०।००** | **०।००** | **०।००** | **०।००** |
| १.७.१ | सांवा फिर्ता | | ०।०० | ०।०० | ०।०० | ०।०० |
| १.७.२ | व्याज | | ०।०० | ०।०० | ०।०० | ०।०० |
| १.७.३ | लाभांस तथा वोनास | | ०।०० | ०।०० | ०।०० | ०।०० |
| **१.८** | **मालपोत** | **३७१९२०८।००** | **३००००००।००** | **१५९७४५७।७५** | **१६०००००।००** | **२००००००।००** |
| **१.९** | **आयमूलक कार्यक्रम** | **०।००** | **०।००** | **०।००** | **०।००** | **०।००** |
| **१.१०** | **विविध आय (नेपाल सरकारबाट थप अनुदान)** | **४९२७५००।००** | **७७५००००।००** | **१२६२६२५।००** | **४००००००।००** | **६२०००००।००** |
| १.१०.१ | भाडा | ४९२७५००।०० | ७००००००।०० | १२६२६२५।०० | ४००००००।०० | ६००००००।०० |

| सि.नं. | आम्दानी विवरण | २०७०।०७१ को यथार्थ आय | २०७१।०७२को प्रस्तावित आय | २०७१ माघमसान्तसम्मको यथार्थ आय | २०७१।०७२ को संशोधित आय | २०७२।०७३को प्रस्तावित आय |
|---|---|---|---|---|---|---|
| १.१०.२ | धरौटी जफत र फिर्ता प्राप्त | ०।०० | ५०००००।०० | ०।०० | ०।०० | १०००००।०० |
| १.१०.३ | पेश्की फिर्ता | ०।०० | २५००००।०० | ०।०० | ०।०० | १०००००।०० |
| १.१०.४ | धरौटी | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० |
| | **गत वर्षको मौज्दात अ.ल्या. :** | | | ०।०० | **४२११४७६८।३४** | ०।०० |
| | **आन्तरिक तर्फको जम्मा :** | ३०३६५४१९२।४८ | १६१५९००००।०० | १००९५९८४५।४१ | १९६८८५०००।०० | १८८३५००००।०० |
| | विद्युत रोयल्टी : | | ०।०० | २१८९५३००।०० | २१८९५३००।०० | ७००००००।०० |
| | जि.वि.स. अनुदानतर्फको पुंजीगत अनुदान: | | | ०।०० | ३५४०७०००।०० | ३३९६९०००।०० |
| | **कुल जम्मा :** | | | १२२८५५१४५।४१ | २९६३०२०६८।३४ | २२९३१९०००।०० |
| **२** | **बाहृय श्रोत** | | | | | |
| ३६५८१९३।९४ | स्थानीय स्वायत्त शासन तथा सामुदायिक विकास कार्यक्रम | १६७९३८३२।०० | १५००००००।०० | ४७६५५६६।०० | १४३६३६००।०० | ५५८३५०००।०० |
| ३६५८०२३ | गाउं विकास समिति अनुदान | १२५४४००००।०० | १४३००००००।०० | ३१९७४२०५।०० | १३७८४००००।०० | ०।०० |
| ३६५८०१३ | जिल्ला विकास समिति अनुदान | १७९२४२४०९।०० | ८५००००००।०० | २०५२०६६५।०० | ७६५९६०००।०० | ३५४०७०००।०० |
| ३६५८०३ | निर्वाचन क्षेत्र विकास कार्यक्रम | | | ०।०० | १४३५०००००।०० | १४३५०००००।०० |
| ३६५०१५३ | सामाजिक सुरक्षा अनुदान | १२४४२२४२०।०० | १५०००००००।०० | ४१११३२००।०० | १३८५७७०४०।०० | ०।०० |
| ३६५८०४३।४४ | ग्राविण खानेपानी तथा सरसफाइ | ९७०११४४।०० | ११२३२०००।०० | ७८३२६०।०० | ६६६८०००।०० | ९६८००००।०० |
| ३६५८०८३।८४ | स्थानिय यातायात पूवाधार क्षेत्रगत कार्यक्रम | २५७६८५६९।०० | ३३५०००००।०० | ६३१२४०।०० | १८३२८५००।०० | १६६३१०००।०० |
| ३५५८०६३।४ | ग्रामिण पुन निर्माण तथा पूनस्थापना | ०।०० | ९२५०००००।०० | ०।०० | ६००००००००।०० | ३७५०००००।०० |
| ३०८१०९३ | रोयल्टी व्यवस्थापन तथा वितरण | २७६१२८४।०० | ८००००००।०० | ०।०० | ०।०० | ०।०० |
| ३६५८३७३।७४ | साना सिंचाई नदि नियन्त्रण | २८१६४०९।०० | ५००००००।०० | ०।०० | ४३०००००।०० | ४७०००००।०० |
| ३६५१०४३ | स्थानीय निकाय वित्तिय आयोग | ४०४०००।०० | ४०४०००।०० | ०।०० | ४२२०००।०० | ०।०० |
| ३६५१०५३ | लोपोन्मुख आदिवासि जनजाती | १०००००।०० | २०००००।०० | ०।०० | ०।०० | ०।०० |
| ३६५८१४३ | ग्रामिण पहुंच सुधार तथा विकेन्द्रिकरण | ०।०० | २२००००००।०० | ०।०० | ०।०० | ०।०० |
| ३६५१०६३ | उपेक्षित उत्पिडित दलित वर्ग उत्थान | २८५०००।०० | ३०००००।०० | ०।०० | २७५०००।०० | ०।०० |
| ३६५१०१३ | गुम्वा व्यवस्था तथा विकास | ४०००००।०० | ६०००००।०० | ०।०० | ०।०० | ०।०० |

| सि.नं. | आम्दानी विवरण | २०७०।०७१ को यथार्थ आय | २०७१।०७२को प्रस्तावित आय | २०७१ माघमसान्तसम्मको यथार्थ आय | २०७१।०७२ को संशोधिन आय | २०७२।०७३को प्रस्तावित आय |
|---|---|---|---|---|---|---|
| ३६५८०९३ | झो.पु. क्षेत्रगत कार्यक्रम | ३४२८६६९।६५ | ७६०००००।०० | २०५९४।०० | ५५४००००।०० | ६६८००००।०० |
| ३६५८३१३।१४ | स्थानीय स्तरका सडक पुल | १७१८८८४।०० | २२००००००।०० | ०।०० | १००००००।०० | १५००००००।०० |
| ३४३१०१ | राष्ट्रिय यूवा परिचालन | ०।०० | ३४००००।०० | ०।०० | ०।०० | ०।०० |
| ३६५८१२३ | जन सहभागितामा आधारीत विकास कार्यक्रम | ०।०० | १००००००।०० | ०।०० | ०।०० | ०।०० |
| ३३७१०७४ | केन्द्रय स्तरका सडक | ०।०० | १२००००००।०० | ०।०० | ०।०० | ०।०० |
| ३४९८०१३ | स्थानीय शान्ति समिति | ६८२०००।०० | | ०।०० | ०।०० | ०।०० |
| ३२५११३ | संस्कृति प्रवर्द्धन कार्यक्रम | | | ५५५८४९९।०० | ५००००००।०० | १०७७८०००।०० |
| ३६५८४५३ | गरिवसंग विश्वेश्वर कार्यक्रम | | | ९७४०००।०० | २९२२०००।०० | ०।०० |
| | भारतिय दुतावास | ३५२५६५४०।८७ | ५००००००।०० | २६९२८६३८।०० | ५००००००।०० | १५००००००।०० |
| | अन्य | ९३२३१६३।०० | १००००००।०० | १०७९०४४।०० | १००००००।०० | ०।०० |
| | **बाह्य श्रोततर्फको जम्मा :** | **५३८५४४३२४।५२** | **६५८८७६०००।००** | **१३४३४८९११।००** | **७२९३३२१४०।००** | **३५०७११०००।००** |
| | विद्युत रोयल्टी : | ०।०० | **०।००** | **२१८९५३००।००** | **२१८९५३००।००** | **७००००००।००** |
| | जि.वि.स. अनुदानतर्फको पुंजीगत अनुदान: | **०।००** | **०।००** | **०।००** | **३५४०७०००।००** | **३३९६९०००।००** |
| | आन्तरिक श्रोततर्फको जम्मा : | **३०३६५४१९२।४८** | **१६१५९००००।००** | १००९५९८४५।४१ | **१९६८८५०००।००** | १८८३५००००।०० |
| | **कुल जम्मा** | ८४२१९८५१७।०० | ८२०४६६०००।०० | २५७२०४०५६।४१ | ९८३५१९४४०।०० | ५८००३००००।०० |

## आ.व. २०७०/७१ को यथार्थ व्यय, आ.व. २०७१/७२ को प्रस्तावित व्यय, आ.व. २०७१/७२ को माघमसान्तसम्मको यथार्थ व्यय, आ.व. २०७१/०७२ को संशोधित व्यय र आ.व. २०७२/७३ को प्रस्तावित व्यय विवरण

(क) आन्तरिक तर्फ (चालु)

| वजेट नं. | व्यय शिर्षक | आ.व. २०७०।०७१ आषाढसम्मको यथार्थ व्यय | आ.व. २०७१।०७२ को अनुमानित व्यय | आ.व. २०७१।०७२ को माघमसान्तसम्मको व्यय | आ.व. २०७१।०७२ को संशोधित व्यय | आ.व. २०७२।०७३ को अनुमानित व्यय |
|---|---|---|---|---|---|---|
| | | चालु खर्च | चालु खर्च | चालु खर्च | चालु खर्च | चालु खर्च |
| १ | उपभोग खर्च | | | | | |
| १.०१ | तलव | १०,१४४,६०६।१० | १२,२००,०००।०० | ६,६३२,२४२।६० | ८,६००,०००।०० | ९,७००,०००।०० |
| १.०१.१ | तलव कर्मचारी | ४,६६०,०७३।५० | ५,०००,०००।०० | १,१४७,७१०।०० | ३,०००,०००।०० | २,९००,०००।०० |
| १.०१.२ | पदाधिकारी पारिश्रमिक | ०।०० | १,५००,०००।०० | ०।०० | १००,०००।०० | ३००,०००।०० |
| १.०१.३ | कर्मचारी कल्याण कोष | ५,०००,०००।०० | ५,०००,०००।०० | ५,०००,०००।०० | ५,०००,०००।०० | ६,०००,०००।०० |
| १.०१.४ | विमा प्रिमियम | ४८४,५३२।६० | ७००,०००।०० | ४८४,५३२।६० | ५००,०००।०० | ५००,०००।०० |
| १.०२ | भत्ता | ५,६४५,०१५।०० | ६,८००,०००।०० | २,६६८,५८८।०० | ६,३००,०००।०० | ६,५००,०००।०० |
| १.०२.१ | कर्मचारी भत्ता | ५,०३०,७४०।०० | ५,५००,०००।०० | २,४०१,४३३।०० | ५,५००,०००।०० | ५,५००,०००।०० |
| १.०२.२ | पदाधिकारी भत्ता | २४,६००।०० | ५००,०००।०० | ०।०० | १००,०००।०० | ३००,०००।०० |
| १.०२.३ | वैठक भत्ता | ५८९,६७५।०० | ८००,०००।०० | २६७,१५५।०० | ७००,०००।०० | ७००,०००।०० |
| १.०२.४ | परिषद भत्ता | ०।०० | | ०।०० | ०।०० | ०।०० |
| १.०३ | सरूवा भ्रमण खर्च तथा दैनिक भत्ता | ९६,६६०।०० | १००,०००।०० | १७,९१५।०० | १००,०००।०० | १००,०००।०० |
| १.०४ | पोशाक | ४२०,०००।०० | ५००,०००।०० | ०।०० | ५००,०००।०० | ५००,०००।०० |
| १.०६ | औषधि उपचार | ९९,५३७।०० | १००,०००।०० | ९४,२७१।०० | ५००,०००।०० | ५००,०००।०० |
| १.०७ | सेवानिवृत सुविधा(कर्मचारी उपदान) | ०।०० | ५००,०००।०० | ०।०० | | |
| १.०८ | तालिम कार्यक्रम (मानवीय संसाधन विकास) | २२२,३००।०० | ६००,०००।०० | १८,५००।०० | २००,०००।०० | १००,०००।०० |
| २ | कार्य संचालन र सेवा खर्च | ५,२०९,९५७।७६ | ५,३००,०००।०० | २,८३२,६९४।०० | ६,५५०,०००।०० | ६,४००,०००।०० |
| २.०१ | पानी तथा विजुली महशुल | ९१०,२९६।०० | १,०००,०००।०० | ७३६,५०५।०० | १,५००,०००।०० | १,३५०,०००।०० |

| वजेट नं. | व्यय शिर्षक | आ.व. २०७०।०७१ आषाढसम्मको यथार्थ व्यय | आ.व. २०७१।०७२ को अनुमानित व्यय | आ.व. २०७१।०७२ को माघमसान्तसम्मको व्यय | आ.व. २०७१।०७२ को संशोधित व्यय | आ.व. २०७२।०७३ को अनुमानित व्यय |
|---|---|---|---|---|---|---|
| | | चालु खर्च | चालु खर्च | चालु खर्च | चालु खर्च | चालु खर्च |
| **२.०२** | **संचार महशुल** | **२९९,८४८।००** | **३००,०००।००** | **१०२,७९४।००** | **२५०,०००।००** | **२५०,०००।००** |
| **२.०३** | ***कार्यालय सम्वन्धी खर्च*** | **३,९९९,८१३।७६** | **४,०००,०००।००** | **१,९९३,३९५।००** | **४,८००,०००।००** | **४,८००,०००।००** |
| २.०३.१ | चिठ्ठी पत्र पार्सल | | | | ०।०० | ५०,०००।०० |
| २.०३.२ | विज्ञापन सूचना | | | | ०।०० | ३५०,०००।०० |
| २.०३.४ | अन्य सेवा खर्च | | | | ०।०० | ३००,०००।०० |
| २.०३.५ | कार्यालय सामान | | | | ०।०० | २,४००,०००।०० |
| २.०३.६.१ | छपाई | | | | ०।०० | १,०००,०००।०० |
| २.०३.६.२ | प्रकाशन | | | | ०।०० | ३००,०००।०० |
| २.०३.७ | पुस्तक, पत्रपत्रिका | | | | ०।०० | २००,०००।०० |
| २.०३.८ | सूचनामूलक सन्देश प्रकाशन | | | | | २००,०००।०० |
| **२.०४** | **भाडा** | **८,०००।००** | **१००,०००।००** | **१०,०००।००** | **१००,०००।००** | **१००,०००।००** |
| **२.०५** | **मर्मत तथा संभार** | **५८९,३८०।००** | **५००,०००।००** | **२९४,०६३।००** | **७००,०००।००** | **७००,०००।००** |
| **२.०६** | **इन्धन तथा अन्य** | **२,०८८,५८०।००** | **२,०२०,०००।००** | **१,४६६,५७५।००** | **३,०२०,०००।००** | **२,३००,०००।००** |
| २.०६.१ | इन्धन अन्य | ४,१२०।०० | २०,०००।०० | ०।०० | २०,०००।०० | २०,०००।०० |
| २.०६.२ | इन्धन सवारी | २,०८४,४६०।०० | २,०००,०००।०० | १,४६६,५७५।०० | ३,०००,०००।०० | २,२८०,०००।०० |
| **२.०७** | **परामर्श तथा अन्य सेवा शुल्क** | **९२५,१४०।००** | **१,२५०,०००।००** | **१,२४५,९१०।००** | **२,५००,०००।००** | **२,५००,०००।००** |
| २.०७.१ | परामर्श शुल्क | | | ०।०० | ०।०० | १,३००,०००।०० |
| २.०७.२ | सरसफाई तथा अन्य सेवा | | | ०।०० | ०।०० | १,२००,०००।०० |
| २.०७.३ | सडक वत्ती जडान | | | ०।०० | ०।०० | ०।०० |
| **२.०८** | **विविध खर्च** | **१,२३४,८०५।००** | **२,४५०,०००।००** | **८१३,३४३।००** | **३,५५०,०००।००** | **२,८७९,०००।००** |
| २.०८.१ | सदस्यता शुल्क (राष्ट्रिय तथा अन्तराष्ट्रिय) | ०।०० | १००,०००।०० | ०।०० | ५०,०००।०० | १००,०००।०० |
| २.०८.२ | आर्थिक सहायता | २७,७००।०० | १००,०००।०० | ५,३००।०० | १००,०००।०० | १००,०००।०० |
| २.०८.३ | पुरस्कार | ५,०००।०० | ३००,०००।०० | २५५,६७५।०० | ७००,०००।०० | ६७९,०००।०० |
| २.०८.४ | परिषद संचालन खर्च | १,२०२,१०५।०० | १,९५०,०००।०० | ५५२,३६८।०० | २,७००,०००।०० | २,०००,०००।०० |

| वजेट नं. | व्यय शिर्षक | आ.व. २०७०।०७१ आषाढसम्मको यथार्थ व्यय | आ.व. २०७१।०७२ को अनुमानित व्यय | आ.व. २०७१।०७२ को माघमसान्तसम्मको व्यय | आ.व. २०७१।०७२ को संशोधित व्यय | आ.व. २०७२।०७३ को अनुमानित व्यय |
|---|---|---|---|---|---|---|
| | | चालु खर्च | चालु खर्च | चालु खर्च | चालु खर्च | चालु खर्च |
| **२.०८.५** | **विविध खर्चहरू** | **१,७२०,७५२।००** | **१,५००,०००।००** | **१,०१७,३३७।००** | **२,०००,०००।००** | **१,६५०,०००।००** |
| २.०८.५.१ | अतिथि सत्कार | | | ०।०० | ०।०० | ३००,०००।०० |
| २.०८.५.२ | जि.वि.स.वैठक(चियापान खर्च) | | | ०।०० | ०।०० | १,०००,०००।०० |
| २.०८.५.३ | अरू मालसामान | | | ०।०० | ०।०० | ५०,०००।०० |
| २.०८.५.४ | अन्य विविध विभिन्न निर्देशिका तयारी आदि | | | ०।०० | ३००,०००।०० | ३००,०००।०० |
| ३ | **अनुदान/कार्यक्रम** | | | ०।०० | ०।०० | ०।०० |
| ३.०७ | **छात्रवृत्ति (जनजाति दलित गरिव जेहेन्दार, महिला, अपांग,मधेसी)** | ६००,०००।०० | ६००,०००।०० | ०।०० | ६००,०००।०० | ६००,०००।०० |
| ४ | **सेवा तथा उत्पादन खर्च** | **६,३८८,०२७।००** | **१,२००,०००।००** | **८३८,३२०।००** | **१,७००,०००।००** | **१,२००,०००।००** |
| ४.०३ | पुस्तक तथा सामाग्री | ६७,४५१।०० | २००,०००।०० | ९३,३२६।०० | २००,०००।०० | २००,०००।०० |
| ४.०४ | कार्यक्रम खर्च | ६,३२०,५७६।०० | १,०००,०००।०० | ७४४,९९४।०० | १,५००,०००।०० | १,०००,०००।०० |
| **४.०५** | **कार्यक्रम भ्रमण खर्च** | **५६३,८५०।००** | **९००,०००।००** | **१९,३०६।००** | **९००,०००।००** | **१,०००,०००।००** |
| ४.०५.१ | कार्यक्रम भ्रमण भत्ता(पदाधिकारी) | ०।०० | १००,०००।०० | २,९७६।०० | १००,०००।०० | १००,०००।०० |
| ४.०५.२ | कार्यक्रम भ्रमण भत्ता(कर्मचारी) | ५६३,८५०।०० | ८००,०००।०० | १६,३३०।०० | ८००,०००।०० | ९००,०००।०० |
| **९.०१** | **भैपरी आउने** | | | **०।००** | **०।००** | **४००,०००।००** |
| **१२.** | **फिर्ता खर्च** | **१२,१३६,०६८।००** | **१५,०००,०००।००** | **१३,६४०,८३९।००** | **४०,०००,०००।००** | **०।००** |
| १२.०१.१ | नेपाल सरकारलाई रोयल्टी | | | ०।०० | १००,०००।०० | ०।०० |
| १२.०१.३ | मालपोत कार्यालय/ न.पा.हरूलाई फिर्ता रकम | | | ०।०० | ३९,९००,०००।०० | ०।०० |
| | चालु तर्फको जम्मा | ४८,०९२,६७७।८६ | ५१,६२०,०००।०० | ३१,६०९,९०३।६० | ७७,८२०,०००।०० | ३७,१२९,०००।०० |

## (ख) आन्तरिक तर्फ (पूँजीगत)

| वजेट नं. | व्यय शिर्षक | २०७०।०७१ आषाढसम्मको यथार्थ व्यय | आ.व. २०७१।०७२ को अनुमानित व्यय | २०७१ माघमसान्तसम्मको यथार्थ व्यय | आ.व. २०७१।०७२ को संशोधित व्यय | आ.व. २०७२।०७३ को अनुमानित व्यय |
|---|---|---|---|---|---|---|
| | | पूंजीगत खर्च | पूंजीगत खर्च | पूंजीगत खर्च | पूंजीगत खर्च | पूंजीगत खर्च |
| **६** | **पूजि निर्माण खर्च** | **४,०९७,६६६।००** | **१,८००,०००।००** | **६५४,०५१।००** | **५,७००,०००।००** | **५,०००,०००।००** |
| ६.०१ | फर्निचर खरिद | ४६०,९२७।०० | ५००,०००।०० | ३३१,६४२।०० | ८००,०००।०० | १,०००,०००।०० |
| ६.०२ | सवारी साधन | ५३६,५२५।०० | ३००,०००।०० | १८६,३००।०० | ३,९००,०००।०० | ३,०००,०००।०० |
| ६.०३ | मेशिनरी औजार | ८८०,३८१।०० | १,०००,०००।०० | १३६,१०९।०० | १,०००,०००।०० | १,०००,०००।०० |
| ६.०४ | भवन निर्माण | २,२१९,८३३।०० | ०।०० | ०।०० | ०।०० | ०।०० |
| **६.०५** | **सार्वजनिक निर्माण खर्च** | **५१,५७०,२९६।००** | **८४,६७०,०००।००** | **८,८२७,४७४।००** | **१५८,३०५,३००।००** | **५९,६५०,०००।००** |
| ६.०५.१ | चालु योजना(जि.वि.स.अनुदानतर्फको पुंजिगत बजेट समेत) | | ०।०० | ०।०० | ०।०० | ०।०० |
| | क) जिल्ला स्तरीय सडक | | ०।०० | ०।०० | ३४,८००,०००।०० | १०,०००,०००।०० |
| | ख) ईलाकास्तरीय योजना | | ०।०० | ०।०० | ३४,६१०,०००।०० | ३०,५००,०००।०० |
| | ग) वस्तीस्तरीय योजना | | ०।०० | ०।०० | २०,०००,०००।०० | ५००,०००।०० |
| | घ) ओ.डि.एफ. साझेदारी कार्यक्रम | | ०।०० | ०।०० | ०।०० | १,०००,०००।०० |
| | ङ) प्राचीन वस्ती फोहरमैला व्यवस्थापन नमुना कार्यक्रम/साझेदारी | | ०।०० | ०।०० | ०।०० | ५००,०००।०० |
| ६.०५.२ | ढल, कलभर्ट निर्माण, ट्रस वृज, झोलुङ्गेपुल | | ०।०० | ०।०० | ०।०० | १,०००,०००।०० |
| ६.०५.३ | खानेपानी | | ०।०० | ०।०० | ०।०० | ५००,०००।०० |
| ६.०५.४ | सिंचाई | | ०।०० | ०।०० | ०।०० | ०।०० |
| ६.०५.५ | विद्युतीकरण/उर्जा | | ०।०० | ०।०० | २१,८९५,३००।०० | ७,०००,०००।०० |
| ६.०५.६ | पर्यटकीय विकास | | ०।०० | ०।०० | ०।०० | २००,०००।०० |
| ६.०५.७ | जिल्ला विकास नगरपालिका साझेदारी कार्यक्रम | | | | ०।०० | ९००,०००।०० |
| ६.०५.८ | क्रमागत योजना (संझौता भई भुक्तानी हुन वांकी) | ०।०० | ०।०० | ०।०० | २७,०००,०००।०० | २,५००,०००।०० |
| ६.०५.९ | समपुरक कोष तथा सार्वजनिक निजी साझेदारी कार्यक्रम | ०।०० | ०।०० | ०।०० | २०,०००,०००।०० | ५,०००,०००।०० |
| ६.०५.१० | जिल्ला यातायात गुरू योजना | | ०।०० | ०।०० | ०।०० | ५०,०००।०० |
| **६.०६** | **पुजिगत सुधार खर्च** | **३१८,८०६।००** | **१,०००,०००।००** | **१६२,७६८।००** | **४,०००,०००।००** | **५,०००,०००।००** |
| **६.०७** | **अध्ययन तथा पूजीगत प्राविधिक परामर्श सेवा** | **६९७,२२८।००** | **१,०००,०००।००** | **७४१,५२७।००** | **४,०००,०००।००** | **२,०००,०००।००** |
| **६.०८** | **कोष व्यवस्थापन** | | **३,४७५,०००।००** | **०।००** | **०।००** | **८००,०००।००** |
| ६.०८.१ | मानव संसाधन विशेष कोष | | ३७५,०००।०० | ०।०० | ०।०० | १००,०००।०० |

| वजेट नं. | व्यय शिर्षक | २०७०।०७१ आषाढसम्मको यथार्थ व्यय | आ.व. २०७१।०७२ को अनुमानित व्यय | २०७१ माघमसान्तसम्मको यथार्थ व्यय | आ.व. २०७१।०७२ को संशोधित व्यय | आ.व. २०७२।०७३ को अनुमानित व्यय |
|---|---|---|---|---|---|---|
| | | पूंजीगत खर्च | पूंजीगत खर्च | पूंजीगत खर्च | पूंजीगत खर्च | पूंजीगत खर्च |
| ६.०८.२ | गरिवी निवारण तथा सामाजिक परिचालन विशेष कोष | | ५००,०००।०० | ०।०० | ०।०० | १००,०००।०० |
| ६.०८.३ | महिला विशेष कोष | | १,०००,०००।०० | ०।०० | ०।०० | १००,०००।०० |
| ६.०८.४ | विपन्न वालवालिका विशेष कोष | | ६००,०००।०० | ०।०० | ०।०० | १००,०००।०० |
| ६.०८.८ | प्रकोप व्यस्थापन कोष (भुकम्पय जोखिम न्यूनीकरणसमेत) | | २००,०००।०० | ०।०० | ०।०० | १००,०००।०० |
| ६.०८.१० | वातावरण कोष | | ३००,०००।०० | ०।०० | ०।०० | १००,०००।०० |
| ६.०८.१३ | मर्मत सम्भार कोष | | २००,०००।०० | ०।०० | ०।०० | १००,०००।०० |
| ६.०८.१६ | स्थानीय विकास कोष | | ३००,०००।०० | ०।०० | ०।०० | १००,०००।०० |
| **८** | **पूजिगत अनुदान** | | ०।०० | ०।०० | ०।०० | ०।०० |
| **८.०1** | **सरकारी संस्था तथा व्यवसायी संघ सस्थालाई अनुदान** | | **०।००** | **०।००** | **०।००** | **४००,०००।००** |
| ८.०१.२ | सरकारी कार्यालय भौतिक सुधार कार्यक्रम | ०।०० | ०।०० | ०।०० | ०।०० | ३००,०००।०० |
| ८.०१.३ | सस्थागत सहायता | ०।०० | ०।०० | ०।०० | ०।०० | १००,०००।०० |
| **८.०२** | **स्थानीय निकायसाग साझेदारी कार्यक्रम** | **३०,०००।००** | **५००,०००।००** | **२५४,५००।००** | **५००,०००।००** | **२००,०००।००** |
| ८.०२.२ | गैर सरकारी संस्था साझेदारी कार्यक्रम | ३०,०००।०० | ५००,०००।०० | २५४,५००।०० | ५००,०००।०० | २००,०००।०० |
| **८.०३** | **सेवामुलक संस्थालाई सर्शत अनुदान** | **२,६७२,८६९।००** | **७,५००,०००।००** | **२९४,०००।००** | **७,५००,०००।००** | **१,०००,०००।००** |
| ८.०३.१ | सामाजिक क्षेत्र शिक्षा,स्वास्थ्य,सामाजिक संघ संस्था | २,६७२,८६९।०० | ७,५००,०००।०० | २९४,०००।०० | ७,५००,०००।०० | १,०००,०००।०० |
| **८.०३.२** | **लक्षित वर्ग विकास कार्यक्रम** | **०।००** | **०।००** | **०।००** | **०।००** | **१८,७९५,०००।००** |
| ८.०३.२.१ | महिला लक्षित कार्यक्रम | | | | | ५,३७०,०००।०० |
| ८.०३.२.२ | वालवालिका लक्षित कार्यक्रम | | | | | ५,३७०,०००।०० |
| ८.०३.२.३ | अन्य लक्षित (आदिवासी जनजाति, दलित, जेष्ठ नागरिक, अपागंता, मधेशी, मुस्लिम समेत) | | | | | ८,०५५,०००।०० |
| **९.०२** | **भैपरी पूजिंगत खर्च** | **७०,०००।००** | **५००,०००।००** | **११६,०००।००** | **२,०६२,०००।००** | **१,३४५,०००।००** |
| **१२.** | **फिर्ता खर्च** | **०।००** | **०।००** | | **०।००** | **९८,०००,०००।००** |
| १२.०१.१ | नेपाल सरकारलाई रोयल्टी | | | | ०।०० | ०।०० |
| १२.०१.२ | न.पा.लाई फिर्ता (रजिष्टेशन समेत) | | | | ०।०० | ८८,०००,०००।०० |
| १२.०१.३ | मालपोत कार्यालयहरूलाई फिर्ता रकम | | | ०।०० | ०।०० | १०,०००,०००।०० |
| | **पुजिगत खर्च जम्मा** | **५९,४५६,८६५।००** | **९६,९७०,०००।००** | **१,३१८,५५१।००** | **१७६,३६७,३००।००** | **१९२,१९०,०००।००** |
| | **कुल जम्मा :** | **५९,४५६,८६५।००** | **९६,९७०,०००।००** | **१,३१८,५५१।००** | **१७६,३६७,३००।००** | **१९२,१९०,०००।००** |

## आ.व. २०७०/७१ को यथार्थ व्यय, आ.व. २०७१/७२ को प्रस्तावित व्यय, आ.व. २०७१/७२ को माघमसान्तसम्मको यथार्थ व्यय, आ.व. २०७१/०७२ को संशोधित व्यय र आ.व. २०७२/७३ को प्रस्तावित व्यय विवरण

### (क) वाह्य तर्फ (चालु)

| वजेट नं. | व्यय शिर्षक | आ.व. २०७०।०७१ आषाढसम्मको यथार्थ व्यय | आ.व. २०७१।०७२ को अनुमानित व्यय | आ.व. २०७१।०७२ को माघमसान्तसम्मको व्यय | आ.व. २०७१।०७२ को संशोधित व्यय | आ.व. २०७२।०७३ को अनुमानित व्यय |
|---|---|---|---|---|---|---|
| | | चालु खर्च | चालु खर्च | चालु खर्च | चालु खर्च | चालु खर्च |
| ३६५८१९३।९४ | स्थानीय स्वायत्त शासन तथा सामुदायिक विकास कार्यक्रम | १६,७९३,८३२।०० | १५,०००,०००।०० | ४,५६६,०६६।०० | १४,१६३,६००।०० | ५५,८३५,०००।०० |
| ३६५८०२३ | गाउं विकास समिति अनुदान | २३,२८५,०००।०० | २३,३००,०००।०० | ६,८१५,०००।०० | २५,१४५,०००।०० | ०।०० |
| ३६५८०१३ | जिल्ला विकास समिति अनुदान | ३०,९३३,३४२।०० | ४०,०००,०००।०० | १८,३९३,६७५।०० | ४१,१२७,०००।०० | ३५,४०७,०००।०० |
| ३६५८०३ | निर्वाचन क्षेत्र विकास कार्यक्रम | | | | | ०।०० |
| ३६५०१५३ | सामाजिक सुरक्षा अनुदान | १२४,४२२,४२०।०० | १५०,०००,०००।०० | ४१,११३,२००।०० | १३८,५७७,०४०।०० | ०।०० |
| ३६५८०४३।४४ | ग्राविण खानेपानी तथा सरसफाइ | १,१४७,३८४।०० | १,३००,०००।०० | ७८३,२६०।०० | २,३९३,०००।०० | २,९०४,०००।०० |
| ३६५८०८३।८४ | स्थानिय यातायात पूवाधार क्षेत्रगत कार्यक्रम | १६,५२१,५८१।०० | २१,०००,०००।०० | ६३१,२४०।०० | १,०२८,५००।०० | १,१३१,०००।०० |
| ३५५८०६३।६४ | ग्रामिण पुन निर्माण तथा पूनस्थापना | | २,५००,०००।०० | | | १,०००,०००।०० |
| ३०८१०९३ | रोयल्टी व्यवस्थापन तथा वितरण | | | | | ०।०० |
| ३६५८३७३।७४ | साना सिंचाई नदि नियन्त्रण | | | | | ०।०० |
| ३६५१०४३ | स्थानीय निकाय वित्तिय आयोग | ४०४,०००।०० | ४०४,०००।०० | | ४२२,०००।०० | ०।०० |
| ३६५१०५३ | लोपोन्मुख आदिवासि जनजाती | | | | | ०।०० |
| ३६५८१४३ | ग्रामिण पहुंच सुधार तथा विकेन्द्रिकरण | | २,२००,०००।०० | | | ०।०० |
| ३६५१०६३ | उपेक्षित उत्पिडित दलित वर्ग उत्थान | | | | | ०।०० |
| ३६५१०१३ | गुम्वा व्यवस्था तथा विकास | | | | | ०।०० |
| ३६५८०९३ | फो.पु. क्षेत्रगत कार्यक्रम | | | २०,५९४।०० | | ०।०० |
| ३६५८३१३।१४ | स्थानीय स्तरका सडक पुल | | | | | ०।०० |
| ३४३१०१ | राष्ट्रिय यूवा परिचालन | | | | | ०।०० |
| ३६५८१२३ | जन सहभागितामा आधारीत विकास कार्यक्रम | | | | | ०।०० |
| ३३७१०७४ | केन्द्रीय स्तरका सडक | | | | | ०।०० |

| वजेट नं. | व्यय शिर्षक | आ.व. २०७०।०७१ आषाढसम्मको यथार्थ व्यय | आ.व. २०७१।०७२ को अनुमानित व्यय | आ.व. २०७१।०७२ को माघमसान्तसम्मको व्यय | आ.व. २०७१।०७२ को संशोधित व्यय | आ.व. २०७२।०७३ को अनुमानित व्यय |
|---|---|---|---|---|---|---|
| | | चालु खर्च | चालु खर्च | चालु खर्च | चालु खर्च | चालु खर्च |
| ३४९८०१३ | स्थानीय शान्ति समिति | ६८२,०००।०० | | | | ०।०० |
| ३२५११३ | संस्कृति प्रवर्द्धन कार्यक्रम | | | | | ०।०० |
| ३६५८४५३ | गरिवसंग विश्वेश्वर कार्यक्रम | | | ६२४,०००।०० | १,८७२,०००।०० | ०।०० |
| | भारतिय दुतावास | | | | | ०।०० |
| | अन्य | | | १,०७९,०४४।०० | | ०।०० |
| | जम्मा | २१४,१८९,५५९।०० | २५५,७०४,०००।०० | ७४,०२६,०७९।०० | २२४,७२८,१४०।०० | ९६,२७७,०००।०० |

## (ख) वाह्य तर्फ (पूँजीगत)

| वजेट नं. | व्यय शिर्षक | आ.व. २०७०।०७१ आषाढसम्मको यथार्थ खर्च | आ.व. २०७१।०७२ को अनुमानित व्यय | आ.व. २०७१।०७२ को माघमसान्तसम्मको व्यय विवरण | आ.व. २०७१।०७२ को संशोधित व्यय विवरण | आ.व. २०७२।०७३ को अनुमानित व्यय |
|---|---|---|---|---|---|---|
| | | पूंजीगत खर्च | पूंजीगत खर्च | पूंजीगत खर्च | पूंजीगत खर्च | पूंजीगत खर्च |
| ३६५८१९३।९४ | स्थानीय स्वायत्त शासन तथा सामुदायिक विकास कार्यक्रम | | | १९९,५००।०० | २००,०००।०० | ०।०० |
| ३६५८०२३ | गाउं विकास समिति अनुदान | १०२,१५५,०००।०० | ११९,७००,०००।०० | २५,१५९,२०५।०० | ११२,६९५,०००।०० | ०।०० |
| ३६५८०१३ | जिल्ला विकास समिति अनुदान | १४८,३०९,०६७।० | ४५,०००,०००।०० | २,१२६,९९०।०० | ३५,४६९,०००।०० | ०।०० |
| ३६५८०३ | निर्वाचन क्षेत्र विकास कार्यक्रम | | | | १४३,५००,०००।०० | १४३,५००,०००।०० |
| ३६५०१५३ | सामाजिक सुरक्षा अनुदान | | | | | ०।०० |
| ३६५८०४३।४४ | ग्राविण खानेपानी तथा सरसफाइ | ८,५५३,७६०।०० | ९,९३२,०००।०० | | ४,२७५,०००।०० | ६,७७६,०००।०० |
| ३६५८०८३।८४ | स्थानिय यातायात पूवाधार क्षेत्रगत कार्यक्रम | ९,२४६,९८८।०० | १२,५००,०००।०० | | १७,३००,०००।०० | १५,५००,०००।०० |
| ३५५८०६३।६४ | ग्रामिण पुन निर्माण तथा पूनस्थापना | | ९०,०००,०००।०० | | ६०,०००,०००।०० | ३६,५००,०००।०० |
| ३०८१०९३ | रोयल्टी व्यवस्थापन तथा वितरण | २,७६१,२८४।०० | ८,०००,०००।०० | | ०।०० | ०।०० |
| ३६५८३७३।७४ | साना सिंचाई नदि नियन्त्रण | २,८१६,४०९।०० | ५,०००,०००।०० | | ४,३००,०००।०० | ४,७००,०००।०० |

| वजेट नं. | व्यय शिर्षक | आ.व. २०७०।०७१ आषाढसम्मको यथार्थ खर्च | आ.व. २०७१।०७२ को अनुमानित व्यय | आ.व. २०७१।०७२ को माघमसान्तसम्मको व्यय विवरण | आ.व. २०७१।०७२ को संशोधित व्यय विवरण | आ.व. २०७२।०७३ को अनुमानित व्यय |
|---|---|---|---|---|---|---|
| | | पूंजीगत खर्च | पूंजीगत खर्च | पूंजीगत खर्च | पूंजीगत खर्च | पूंजीगत खर्च |
| ३६५१०४३ | स्थानीय निकाय वित्तिय आयोग | | | | | |
| ३६५१०५३ | लोपोन्मुख आदिवासि जनजाती | १००,०००।०० | २००,०००।०० | | | ०।०० |
| ३६५८१४३ | ग्रामिण पहुंच सुधार तथा विकेन्द्रिकरण | | | | | ०।०० |
| ३६५१०६३ | उपेक्षित उत्पिडित दलित वर्ग उत्थान | २८५,०००।०० | ३००,०००।०० | | २७५,०००।०० | ०।०० |
| ३६५१०१३ | गुम्वा व्यवस्था तथा विकास | ४००,०००।०० | ६००,०००।०० | | | ०।०० |
| ३६५८०९३ | फो.पु. क्षेत्रगत कार्यक्रम | ३,४२८,६६९।६५ | ७,६००,०००।०० | | ५,५४०,०००।०० | ६,६८०,०००।०० |
| ३६५८३१३।१४ | स्थानीय स्तरका सडक पुल | १,७१८,८८४।०० | २२,०००,०००।०० | | १०,०००,०००।०० | १५,०००,०००।०० |
| ३४३१०१ | राष्ट्रिय यूवा परिचालन | | ३४०,०००।०० | | | ०।०० |
| ३६५८१२३ | जन सहभागितामा आधारीत विकास कार्यक्रम | | १०,०००,०००।०० | | | ०।०० |
| ३३७१०७४ | केन्द्रय स्तरका सडक | | १२,०००,०००।०० | | | ०।०० |
| ३४९८०१३ | स्थानीय शान्ति समिति | | | | | ०।०० |
| ३२५११३ | संस्कृति प्रवर्द्धन कार्यक्रम | | | ५,५५८,४९९।०० | ५०,०००,०००।०० | १०,७७८,०००।०० |
| ३६५८४५३ | गरिवसंग विश्वेश्वर कार्यक्रम | | | ३५०,०००।०० | १,०५०,०००।०० | ०।०० |
| | भारतिय दुतावास | ३५,२५६,५४०।८७ | ५०,०००,०००।०० | २६,९२८,६३८।०० | ५०,०००,०००।०० | १५,०००,०००।०० |
| | अन्य | ९,३२३,१६३।०० | १०,०००,०००।०० | | १०,०००,०००।०० | ०।०० |
| | जम्मा | ३२४,३५४,७६५।५२ | ४०३,१७२,०००।०० | ६०,३२२,८३२।०० | ५०४,६०४,०००।० | २५४,४३४,०००।०० |